

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५१ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २४ अंक २ कार्तिक-पुष २०७३ Year 24 Vol 2 Nov.016-Jan. 2017


## कर्पोरेट ब्रान्चको शुभारम्भ

**८ मंसीर, काठमाण्डौं**

माननीय उप-प्रधान तथा अर्थ मन्त्री कृष्णबहादुर महराले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कर्पोरेट ब्रान्च बैंकको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजामा एक समारोहका बीच उद्घाटन गर्नुभयो । कर्पोरेट ब्रान्च समेत गरि देशभरमा अब बैंकका १७१ वटा शाखा संचालनमा छन् । त्यसैगरि ७५ वटा ब्रान्चलेस बैकिङ्ग, ८६ वटा ATM र १६ वटा एक्टेन्सन काउन्टरबाट बैंकले जनतालाई आफ्नो सेवा प्रदान गरिरहेको छ। त्यसैगरि सरकारी कार्यालयहरुमा काउन्टर स्थापना गर्दै राजश्व बुझ्ने कार्य पनि बैंकले गरिरहेको छ।

सोही अवसरमा उप-प्रधानमन्त्री महराले बैंकले आफ्नो स्वर्ण महोत्सब (बि.स.२०२२-२०७२) को अवसरमा निर्माण गरिएको स्वर्ण जयन्ती स्मारक (ऐश्वर्य) को अनावरण गर्नुभयो । उक्त स्तम्भको परिकल्पना बरिष्ठ कलाकार प्रमिला गिरिले तयार गर्नु भएको हो।

बि.स.२०२२ साल माघ १० गते स्थापना भएको यो बैंक सरकारको पूर्ण स्वामित्वमा संचालित छ । बैंकले २०७३ असोज मसान्त सम्म १ खर्ब ४६ अर्ब ६० करोड निक्षेप संकलन गरेको छ भने सोही अवधिमा ८५ अर्ब ९९ करोड कर्जा लगानी गरेको छ । आ.व.२०७३/०७४ को पहिलो त्रयमासमा बैंकले ५० करोड खुद मुनाफा आर्जन गरेको छ । बैंकको चुक्ता पूंजी ८ अर्ब ५८ करोड रहेको छ ।



समारोहमा उप-प्रधान तथा अर्थ मन्त्री कृष्णबहादुर महराले २१ औं शताब्दिमा बैकिङ्ग सेवालाई जनताको घरदैलोमा पुर्‍याउने सरकारको कार्यक्रमलाई प्राथमिकतामा राखेर राष्ट्रिय वाणिज्य बैंकले प्रतिस्पर्धात्मक बजारमा ग्राहकको मन जित्न थप प्रयत्न गर्नुपर्ने बताउनुभयो ।

उहांले समग्र बैकिङ्ग क्षेत्रमा नमुना बैंक बन्न तथा ग्रामिण क्षेत्रमा कर्जा विस्तार गर्न,मानव

बाँकी पृष्ट ३ ▶▶

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र त्रिभुवन विश्वविद्यालय बीच सम्झौता

**१९ मंसीर, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र त्रिभुवन विश्वविद्यालयबीच विश्वविद्यालयका अवकास प्राप्त प्राध्यापक र कर्मचारीहरुको निवृत्तिभरण(पेन्सन) भुक्तानी गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र विश्वविद्यालयका रजिष्ट्रार डिल्लिराम उप्रेतीले हस्ताक्षर गर्नुभएको छ । समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डे र विश्वविद्यालयका उपकूलपति प्रा.डा.तीर्थ



खनियाको उपस्थिती थियो ।

समारोहमा उपकूलपति खनियाले हाल विश्वविद्यालयका करिव ४ हजार ५ सय अवकास प्राप्त प्राध्यापक तथा कर्मचारीले यो सुविधा लिने र भविष्यमा करिव १५ हजार प्राध्यापक तथा कर्मचारीहरु समेत यो सम्झौताबाट लाभान्वित हुने सम्भावना भएको बताउनुभयो । त्यसैगरी वाणिज्य बैंकका अध्यक्ष डा.पाण्डेले बैकिङ्ग क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनका लागि आगामी दिनमा वाणिज्य बैंक र

बाँकी पृष्ट ३ ▶▶

## सम्पादकीय

बि.स.२०२२ साल माघ १० गते स्थापना भएको पूर्ण सरकारी स्वामित्वको यस राष्ट्रिय वाणिज्य बैंक आफ्नो स्थापनाको ५१ वर्ष पार गरि ५२ वर्ष प्रवेश गर्ने संघारमा रहेको छ । नेपालको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान गरेको आफ्नो स्वर्णजयन्ती समेत मनाईसकेको रा.वा. बैंकको गौरबपूर्ण इतिहास कायम भएको छ । ठूला उतार चढाब भोगेको यो बैंकको अनुभव नेपालको समग्र बैकिङ्ग क्षेत्रका अगि अनुकरणीय रहेको छ । हिजोको लेजर प्रणालीबाट जनतालाई आफ्नो बैकिङ्ग सेवा निरन्तर रुपमा दिदै आएको बैंक आज यान्त्रीकीकरण हुंदै प्रविधिमा आधारित अब्बल दर्जाको बैंकको रुपमा उभिएको छ । नेपालका प्रतिस्पर्धी बैंकहरु भन्दा धेरै कुरामा राष्ट्रिय वाणिज्य बैंक १ नम्बर देखिएको छ। यो साखलाई आगामी दिनमा जोगाईराख्नु पर्ने जिम्मेबारी हामी सवैका सामु आईपरेको छ । वित्तीय श्रोतको उच्चतम परिचालनबाट समग्र देशको आर्थिक तथा वित्तीय क्षेत्रको दरिलो साधन बनिरहनुपर्ने चुनौतीहरु हाम्रा सामु छन् ।

५२ औं वर्ष प्रवेशको अवसरमा बैंकलाई यस स्थानमा ल्याइपुर्‍याउन योगदान पुर्‍याउने सम्पूर्ण सरोकारवालाहरुप्रति राष्ट्रिय वाणिज्य बैंक हार्दिक आभार प्रकट गर्दछ, साथै आगामी वर्षहरुमा पनि सम्वद्ध सबै पक्षबाट यस्तै सद्भाव शुभेच्छाको अपेक्षा सहित राष्ट्रको आर्थिक सामाजिक रुपान्तरणमा आधुनिक बैकिङ्ग सेवाका माध्यमबाट अरु भरपर्दो र परिपक्क कियाशीलताको प्रण दोहोराउँदछ ।

## सुझाव तथा प्रतिकृयाको लागि

यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिकृया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -स.

ई-मेल: rbbnl@rbb.com.np

सम्पर्क फोन नं.: ०१-४२५२५९५, Ext. २४२३

# पूर्व प्रमुख कार्यकारी अधिकृतद्धयलाई बिदाई

**१९ पुस, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा र पूर्व का.मु.प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीलाई एक समारोहका बीच बैंकले बिदाई गरेको छ । बैंकका संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद



पाण्डेले पूर्व प्रमुख कार्यकारी अधिकृतद्धयलाई उपहार तथा खादा प्रदान गर्नुभयो ।

बिदाई कार्यक्रमको अध्यक्षता गर्दै बैंक संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेले रा.वा.बैंकका दुबै जना पूर्व कार्यकारी प्रमुखहरु वित्तीय क्षेत्रका हस्तिहरु भएको र बैंकलाई खराब अवस्थाबाट उकास्ने समयमा उहांहरुले राम्रो संग ब्यवस्थापकीय भूमिका निर्वाह गर्नुभएको बिचार ब्यक्त गर्नुभयो । अध्यक्ष डा.पाण्डेले रा.वा.बैंक सरकारी बैंक भएकोले जनता प्रति बढि उत्तरदायी भएर काम गर्नुपर्ने र सरकारको सहयोगी भई बिकासको काममा समेत सहयोग गर्नुपर्ने बताउनुभयो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले पूर्व प्रमुख कार्यकारी अधिकृतद्धयको लामो बैकिङ्ग अनुभवलाई बैंकले आगामी दिनमा सहकार्य गर्ने बिचार ब्यक्त गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बैंकलाई यो अवस्था सम्म ल्याई पुर्‍याउन योगदान गर्नु हुने पूर्व प्रमुख कार्यकारी अधिकृतद्धयलाई धन्यबाद दिदै आगामी दिनको लागि बैंकको तर्फबाट शुभकामना ब्यक्त गर्नुभयो ।

सो समारोहमा पूर्व प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकमा सेवा गरुन्जेल आफूलाई ब्यवस्थापन र कर्मचारी दुबैले संधै माया गरिरहेको अनुभव भएको बताउनुभयो । पूर्व प्रमुख कार्यकारी अधिकृत शर्माले पहिलाको



जस्तो बैंकमा राजनीतिक दबाब, कर्मचारीको गुट नभएकोले छिटो छरितो निर्णय गर्न सकेमा बैंक अझ अगाडी बढ्न सक्ने बिचार ब्यक्त गर्नुभयो । सो समारोहमा पूर्व का.मु.प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीले जिवनमा आफूलाई रा.वा.बैंकले सबै कुरा दियो, जिवन चलाउने सौजन्य रा.वा बैंकबाटै प्राप्त भएकोमा बैंक परिवारलाई धन्यवाद ब्यक्त गर्नुभयो ।

बिदाई समारोहमा बैंकका संचालक समितिका सदस्यहरु डा.जितेन्द्र प्रसाद उपाध्याय, ज्ञानेन्द्रराज कोइराला, बटुकनाथ ढकाल, हरिप्रसाद मुनाकर्मी, डा.रामदेब सिंह, का.मु. नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धक कबिराज अधिकारी, का.मु.नायव महाप्रवन्धक केशब प्रसाद लम्साल, टेकराज जोशी, बिभागीय प्रमुखहरु, कम्पनी सचिव लगायतको उपस्थिती रहेको थियो ।

# कर्पोरेट...

संशाधन विकासमा ध्यान केन्द्रित गर्न र ट्रेड यूनियनसंग सुमधुर सम्बन्ध राख्दै अगाडि बढ्न बैंक व्यवस्थापनलाई निर्देशन दिनुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर डा.चिरन्जिबी नेपालले बढ्दै गएको प्रतिस्पर्धी वित्तीय प्रणालीमा यस बैंकले आधुनिक वित्तीय उपकरण र सूचना प्रविधिको उपयोग तथा संस्थागत कार्यदक्षतामा समायनुकुल सुधार गर्दै लगानीका क्षेत्र पहिलाएर कर्जा लगानीमा बैंकले थप जोड दिनुपर्ने बताउनुभयो ।

समारोहमा बैंक संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेले सरकारी बैंक भएको नाताले सरकारी नीतिलाई सफल बनाउन बैंक लागि पर्ने




बताउनुभयो । उहांले राष्ट्रिय वाणिज्य बैंक अन्य वाणिज्य बैंकको तुलनामा अग्रणी, विश्वसनीय र भरपर्दो रहेको चर्चा गर्दै संस्थागत कार्यदक्षता अभिबृद्धिमा विशेष जोड दिएको बताउनुभयो । अध्यक्ष डा.पाण्डेले बाणिज्य बैंकले फाइनान्सियल डिपिनिङ्ग र वित्तीय समावेशिताका लागि कार्य गरिरहेको र यो कार्यमा सरकारको सहयोगको अपेक्षा बैंकले गरेको बताउनुभयो । अध्यक्ष डा.पाण्डेले बैंक भित्र सक्षम, सबल र दक्ष कर्मचारी भएको बताउनुभयो ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकको समग्र वित्तीय अवस्था, भावि कार्यदिशा र बैंकले सामना गर्नुपरेका चुनौती तथा अवसरका बारेमा चर्चा गर्दै यस आ.व. भित्रमा देशको ६८ वटा जिल्लामा बैंकको सेवा विस्तार गरि शाखा संख्या १९५ वटा पुर्‍याउने बताउनुभयो । उहांले चालु आ.व.भित्रै २५ लाख ग्राहक संख्या पुर्‍याउने, २०५९।६० मा ६० प्रतिशत भन्दा बढि रहेको निष्कृय कर्जालाई २०७२।०७३ मा आइपुग्दा ३.५० प्रतिशतमा झारिएको, खुदमुनाफा ३ अर्व रुपैया पुर्‍याउने जानकारी दिनुभयो । त्यसैगरी ५६ हजार भुकम्प पिडितलाई राहत वितरण गरिसकिएको बताउनुभयो । उहाले बैंकले वार्षिक २० अर्वको हाराहारीमा पेन्सनतथा सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको पनि बताउनुभयो । पूर्ण स्वामित्वमा संचालित यस बैंकको सरकारी कारोबार गर्ने ६७ वटा शाखाहरु रहेको उहांले उल्लेख गर्नुभयो । छिमेकी मित्रराष्ट्र भारतको नयाँदिल्लीमा शाखा खोल्ने निर्णय गरेको, चीनमा शाखा खोल्ने योजना भएको, सहायक कम्पनीहरु लघुवित्त संस्था र आर.वि.वि. मर्चेन्ट बैकिङ्ग लिमिटेड संचालन गर्ने दिशामा कार्य अगाडि बढीसकेको बताउनुभयो ।



सो कार्यक्रममा अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार प्रा.डा.पुण्य प्रसाद रेग्मी, बैंकका संचालकहरु, का.मु. नायव प्रमुख कार्यकारी अधिकृतद्वय विष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, केशव लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु, कर्पोरेट ब्रान्चका प्रवन्धक विनय रमण पौडेल, बैंकमा क्रियाशिल चारै वटा ट्रेड यूनियनका अध्यक्ष लगायत बैंकका बरिष्ठ अधिकृतहरुको उपस्थिति रहेको थियो ।



सि.ए. विनय रमण पौडेल
शाखा प्रवन्धक, कर्पोरेट ब्रान्च

**१. कर्पोरेट शाखा स्थापना गरिनुको उद्धेश्य के होला ?**

यस बैंकका ठूला तथा महत्वपूर्ण निक्षेपकर्ता एवं कर्जाका ग्राहकहरुलाई एकै स्थानबाट छिटो छरितो, गुणस्तरिय तथा सुविधाजनक ढंगबाट सवै प्रकारका बैकिङ्ग सेवा सुविधा उपलब्ध गराई यस बैंकको सेवा प्रति आकर्षित गरी ग्राहक सन्तुष्टि प्रदान गर्ने उद्धेश्यले कर्पोरेट ब्रान्चको स्थापना गरिएको हो ।

**२. कर्पोरेट ब्रान्चको लक्षित ग्राहकहरु को को हुन ?**

कर्जा कारोबार गर्ने ठूला तथा संस्थागत ग्राहकहरु, संस्थागत निक्षेपकर्ता जस्तै कर्मचारी संचय कोष, नागरिक लगानी कोष, नेपाल टेलिकम, विद्युत प्राधिकरण लगायत अन्य सरकारी स्वामित्वमा रहेका संस्थाहरु तथा कुटनीतिक नियोगहरु, अन्तर्राष्ट्रिय संस्थाहरु एवं बैंक व्यवस्थापनले तोकि दिएका अन्य ग्राहकहरुलाई कर्पोरेट ब्रान्चबाट सेवा दिइनेछ ।

**३. कर्पोरेट ब्रान्चको कार्यक्षेत्रको बारेमा बताइदिनुहोस न ?**

एक करोड वा सो भन्दा माथिका व्यक्तिगत निक्षेपकर्ता, पांच करोड वा सो भन्दा माथिका संस्थागत निक्षेपकर्ता, कुटनीतिक नियोगको कुनै पनि निक्षेप, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको कुनै पनि निक्षेप, दश करोड वा सो भन्दा माथिका कर्जाका ग्राहकहरु, सम्पूर्ण सहवित्तीयकरण कर्जाका ग्राहकहरु, आन्तरिक तथा बाह्य विप्रेषण सेवाहरु, एल.सी., बैक ग्यारेन्टी, लघुवित्त कम्पनीहरुलाई प्रवाह हुने कर्जाका ग्राहकहरु तथा कर्पोरेट ग्राहकका लागि आवश्यक देखिएका अन्य बैकिङ्ग सेवाहरु कर्पोरेट शाखाका कार्यक्षेत्र हुन ।

**४. कर्पोरेट शाखाको कारोबार कहिलेबाट शुरु हुंदै छ ?**

कर्पोरेट शाखाका कारोबार शुरु भैसकेको छ । अहिले करिव ४ अरबको नयां ग्राहकका कर्जाका फाइल लगानी प्रक्रियामा रहेका छन् ।

# रा.वा.बैंक र त्रिभुवन ...

विश्वविद्यालय मिलेर अगाडी बढ्नु पर्ने आवश्यकता औंल्याउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले सम्झौता अनुसारको सेवाको अतिरिक्त विश्वविद्यालयमा कार्यरत महानुभावहरुलाई बैंकले आफ्ना आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गराउँदै जाने बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंकले हाल सम्म नेपालको ६७ जिल्लामा १७१ वटा



शाखा कार्यालय मार्फत आफ्नो सेवा ग्राहकहरुलाई उपलब्ध गराउँदै आइरहेको छ । बैंकका हालसम्म ८६ वटा एटिएम संचालनमा छन् । बैंकले नेपाल सरकारका सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीहरु(निजामति,प्रहरी,नेपाली सेना र शिक्षक), नेपाल राष्ट्र बैंक, नेपाल कृषि अनुसन्धान परिषद् र नेपाल टेलिकमका सेवा निवृत्त कर्मचारीहरुको पेन्सन वितरणको कार्य समेत गर्दै आइरहेको छ । बैंकले वार्षिक करिव २० अर्व रुपैया भन्दा बढि पेन्सन तथा सामाजिक सुरक्षा भत्ता वितरण गर्दछ ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका का.मु.नायब प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धकहरु कविराज अधिकारी, केशब लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु देवेन्द्र रमण खनाल, सरस्वती अधिकारी, कम्पनी सचिव शम्भुनाथ योगी, वित्त विभागका प्रवन्धक शंकर अधिकारी, प्रमुख कार्यकारी अधिकृत कार्यालयका ईश्वर उप्रेती र त्रिभुवन विश्वविद्यालयका आर्थिक प्रशासनिक विभागका प्रमुख कुमार प्रसाद हुंमागाई, उप आर्थिक नियन्त्रक जानकी शरण मिश्रको उपस्थिती थियो ।

**माननीय उप प्रधान तथा अर्थ मन्त्री श्री कृष्ण बहादुर महरा मिति २०७३ साल मंसीर ८ गते रावा बैंकको कर्पोरेट शाखा उद्घाटन गर्ने सन्दर्भमा केन्द्रीय कार्यालयमा पाल्नु हुंदा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठद्वारा प्रस्तुत संक्षिप्त विवरण।**

## कारोबार, सेवा तथा कार्य संजाल

| | |
|---|---|
| ☞ शाखा कार्यालय (६७ जिल्ला) | १७१ |
| ☞ क्षेत्रीय कार्यालय | ५ |
| ☞ केन्द्रीय कार्यालय | १ (१९ बिभाग) |
| ☞ स्थायी कर्मचारी संख्या | २३५३ |
| ☞ निक्षेप ग्राहक संख्या | २१,५४,००० |
| ☞ कर्जा ग्राहक संख्या | १,५३,००० |
| ☞ Extension Counters | १६ |
| ☞ सन्ध्याकालीन Counters | १५ |
| ☞ प्रातः कालीन Counters | ६ |
| ☞ एटीएम सख्या | ८६ |
| ☞ शाखा रहित बैंकिङ्ग | ७५ |
| ☞ सरकारी कारोवार गर्ने शाखा संख्या | ६७ |
| ☞ पेन्सन तथा सामाजिक सुरक्षा भत्ता वितरण | वार्षिक २० अर्व |
| ☞ ABBS सेवा, Mobile Banking | सबै शाखा |
| ☞ पुनः स्थापित शाखा संख्या(१०८ मध्ये) | ५२ |

## संक्षिप्त वित्तीय सूचकहरु

| आर्थिक वर्ष २०७२/७३ | रु करोडमा |
|---|---|
| कुल सम्पत्ति | १,७४,६३ |
| निक्षेप | १,४६,२० |
| कुल कर्जा लगानी | ८५,४६ |
| अन्य लगानी | ४३,७७ |
| शेयर पूंजी | ८,५९ |
| जगेडा तथा कोषहरु | ७४ |
| शेयरधनी कोष (नेट वर्थ) | ९,३२ |
| प्रति शेयर नेटवर्थ रु. | १०८ |
| कोषको लागत % | ११८४ |
| आधार दर % | ६।३६ |
| नेट स्प्रेड % | ४।२७ |
| कर्जा निक्षेप अनुपात % | ५८।४६ |
| NPA % | ३।९५ |
| तरलता % | ४५.७० |
| पुंजी पर्याप्तता अनुपात % | ११.२१ |

## बि.स. २०७७ मा राष्ट्रिय वाणिज्य बैंक


| | |
|---|---|
| ❖ शाखा संख्या | २३० |
| ❖ विदेशमा शाखा विस्तार | २ |
| ❖ Branchless Banking | १५० |
| ❖ District Coverage | ७५ |
| ❖ ATM संख्या | २०० |
| ❖ सहायक कम्पनी | २ |
| ❖ ग्राहक संख्या | ३० लाख |
| ❖ मोवाइल बैंकिङ्ग ग्राहक संख्या | ५ लाख ९० हजार |
| ❖ ATM ग्राहक संख्या | ५ लाख |
| ❖ निक्षेप | २ सय अर्व |
| ❖ कर्जा लगानी | १५८ अर्व |
| ❖ CD Ratio | ७९% |
| ❖ NPA | १.९०% |
| ❖ खुद मुनाफा | ४ अर्व |
| ❖ शेयरधनी लाभांश | कम्तिमा १० प्रतिशत(आ.व.२०७४।०७५ देखि) |

## २०७३ बैशाख देखिका रावा बैंकका प्रमुख गतिविधिहरु

❖ RBB Merchant Bank स्थापना भएको
❖ Micro Finance Company स्थापनाको प्रकियामा रहेको
❖ वित्तीय साक्षरता कार्यक्रम संचालन भैरहेको
❖ कर्जा लगानी विस्तार -कृषि, उर्जा तथा विपन्न वर्ग क्षेत्र लगानी प्राथमिकतामा (कूल कर्जाको १३ प्रतिशत)
❖ Interbank Payment System(IPS) लागु
❖ नेपाल प्रहरी सेवामा कार्यरत सबैको तलबी खाता खोल्ने सम्झौता गरि ६६ हजार खाता खोलिएको
❖ Management Audit प्रकियाको आरम्भ
❖ Research & Development प्रकियाको शुरुवात
❖ ६ स्थानमा शाखा कार्यालय पुर्नस्थपना भएको
❖ थप ९ स्थानमा Branchless Banking शुरु
❖ ५६ हजार भुकम्प पिडितलाई राहत वितरण गरिसकिएको
❖ ७० हजार ग्राहकलाई नयां Debit Card वितरण गरिएको
❖ ठूला ग्राहकलाई छिटो सेवा दिने लक्ष्य सहित Corporate Branch स्थापना भएको
❖ कर्मचारी भर्ना, तालिम तथा दक्षता अभिवृद्धि (४५८ नयां कर्मचारी भर्ना प्रकियामा)
❖ त्रिभुवन विश्वविद्यालयसंग निवृत्तिभरण(पेन्सन) भुक्तानीको शुरुवात

## आर्थिक वर्ष २०७३।०७४ को लक्ष्य

| | |
|---|---|
| शाखा संख्या | १९५ |
| BLB | १०० |
| District Coverage | ६८ |
| ATMs | १३० |
| सहायक कम्पनी | २ |
| ग्राहक संख्या | २५ लाख |
| मोवाइल बैंकिंग ग्राहक संख्या | ३,५०,००० |
| ATM ग्राहक संख्या | ३,४०,००० |
| निक्षेप | १५५ अर्व |
| कर्जा लगानी | १०१ अर्व |
| CD Ratio | ६५% |
| निष्कृय कर्जा NPA | २.५०% |
| खुद मुनाफा | ३.०७अर्व |



## मानव संशाधन स्तम्भ

# तालिम विदेश



सन् २०१६ अक्टोबर १६ देखि २१ सम्म इन्डोनेशियाको जाकर्ता र वालीमा संचालित "International Exposure and Study Visit on Banking Business Governance" विषयक तालिम कार्यक्रममा बैंकका देहाय बमोजिमका उच्च व्यवस्थापकहरुले सफलतापूर्वक भाग लिनुभयो ।

| पद | नाम |
|---|---|
| १. का.मु.नायव प्रमुख कार्यकारी अधिकृत | विष्णु प्रसाद वैद्य |
| २. का.मु.नायव प्रमुख कार्यकारी अधिकृत | भुपेन्द्र पाण्डे |
| ३. नायव महाप्रवन्धक | सुशिल श्रेष्ठ |
| ४. नायव महाप्रवन्धक | कविराज अधिकारी |

बैंकको ५२औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठज्यूको संयोजकत्वमा ५२औं वार्षिकोत्सव समारोह मूल समिति गठन भएको छ ।

| क्र.सं | पद | नाम | पद |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | श्री किरणकुमार श्रेष्ठ | संयोजक |
| २ | का.मु.नायव प्रमुख कार्यकारी अधिकृत | श्री विष्णुप्रसाद बैद्य | सदस्य |
| ३ | का.मु.नायव प्रमुख कार्यकारी अधिकृत | श्री भुपेन्द्र पाण्डे | सदस्य |
| ४ | नायव महाप्रबन्धक | श्री सुशिल श्रेष्ठ | सदस्य |
| ५ | नायव महाप्रबन्धक | श्री कविराज अधिकारी | सदस्य |
| ६ | का.मु.नायव महाप्रबन्धक | श्री केशवप्रसाद लम्साल | सदस्य |
| ७ | का.मु.नायव महाप्रबन्धक | श्री टेकराज जोशी | सदस्य |
| ८ | विभागीय प्रमुख | श्री नरेशराज अर्याल | सदस्य |
| ९ | विभागीय प्रमुख | श्री महेन्द्र प्रसाद अवस्थी | सदस्य |
| १० | विभागीय प्रमुख | श्री कपिलमणि ज्ञवाली | सदस्य |
| ११ | विभागीय प्रमुख | श्री गणेश कुमार ढकाल | सदस्य |
| १२ | विभागीय प्रमुख | श्री महेशराज खरेल | सदस्य |
| १३ | विभागीय प्रमुख | श्री गोपाल प्रसाद पौडेल | सदस्य |
| १४ | विभागीय प्रमुख | श्री भरत के.सी. | सदस्य |
| १५ | विभागीय प्रमुख | श्री देवेश प्रसाद लोहनी | सदस्य |
| १६ | विभागीय प्रमुख | श्री सरस्वती अधिकारी | सदस्य |
| १७ | विभागीय प्रमुख | श्री देवेन्द्र रमण खनाल | सदस्य |
| १८ | विभागीय प्रमुख | श्री निरुवावा जोशी | सदस्य |
| १९ | विभागीय प्रमुख | श्री मित्रलाल पंज्ञानी | सदस्य |
| २० | विभागीय प्रमुख | श्री दिवाकर वशिष्ठ | सदस्य |
| २१ | विभागीय प्रमुख | श्री विष्णु प्रसाद गैरे | सदस्य |
| २२ | विभागीय प्रमुख | श्री वावुराम मरहट्ठा | सदस्य |
| २३ | विभागीय प्रमुख | श्री रिको स्थापित | सदस्य |
| २४ | क्षेत्रीय प्रबन्धक | श्री शशि आचार्य | सदस्य |
| २५ | मु.शा.का. प्रबन्धक | श्री बालकृष्ण घिमिरे | सदस्य |
| २६ | कम्पनि सचिव | श्री शम्भुनाथ योगी | सदस्य |
| २७ | विभागीय उप प्रमुख | श्री रुपक चन्द्र अमात्य | सदस्य |
| २८ | अध्यक्ष, कर्मचारी संघ नेपाल | श्री वेद वहादुर लावती | सदस्य |
| २९ | अध्यक्ष, ने.वि.सं.क.संघ | श्री जितेन्द्रसिंह थापा | सदस्य |
| ३० | अध्यक्ष, ने.रा.क.संगठन | श्री दिपेन्द्र कार्की | सदस्य |
| ३१ | अध्यक्ष, रा.क.संगठन नेपाल | श्री राजेन्द्र कुमार कार्की | सदस्य |
| ३२ | विभागीय प्रमुख | श्री उद्धव प्रसाद खनाल | सदस्य सचिव |

## वित्तीय साक्षरता

# जाली नोट पत्ता लगाउने तरिका

- सक्कली र नक्कली नोटलाई कान नजिकै लगेर हल्लाएमा सक्कली नोटको आवाज कडा र खड खड गर्ने हुन्छ भने जाली नोटको आवाज कम हुन्छ ।
- सक्कली नोटको कागज स्तरिय,अलि खस्रो र कडा हुन्छ भने जाली नोटको कागज छाम्दा चिप्लो, लुलो र मोटो हुन्छ । जाली नोट सक्कली नोट जस्तो चहकिलो पनि हुँदैन ।
- सक्कली नोटको रङ्ग स्पस्ट,सफा गाढा हुन्छ भने जाली नोट हल्का, अस्पष्ट र फुरुङ्ग उढेको जस्तो देखिन्छ ।
- सक्कली नोटलाई उज्यालो तिर फर्काएर हेरेमा नोटको दांया तर्फ रहेको भागमा पानी छाप स्पष्ट देखिन्छ भने जाली नोटमा केही कालो दले जस्तो अस्पष्ट देखिन्छ ।
- सक्कली नोटमा रहेको सुरक्षा धागोलाई उज्यालो तिर फर्काएर हेरेमा नेपाल राष्ट्र बैंक लेखेको पढ्न सकिन्छ भने नक्कली नोटमा राखिएका सुरक्षा धागोले नोटका अक्षरहरु छोपिएका हुन्छन् ।
- नोटको दांया तर्फ रहेको सेतो भागको बांया तर्फ भएको रंगीन आधा अक्षर नेपाल राष्ट्र बैंकलाई उज्यालो तिर फर्काएर हेर्दा नेपाल राष्ट्र बैंक स्पष्ट देखिन्छ भने जाली नोटमा सो अक्षर स्पष्ट देखिदैन ।
- सक्कली नोटमा रहेको स्टेप फिचर्सलाई उज्यालोमा दांया वांया पार्दा एउटा छुट्टै चहक आउंछ भने जाली नोटमा यस्तो हुदैन ।

*(अनलाइनबाट साभार गरिएको । )*







युनियन गतिविधि

# राष्ट्रिय वाणिज्य बैंकमा यूनियनहरूको संयुक्त शुभकामना कार्यक्रम सम्पन्न

**११ कार्तिक, काठमाण्डौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा कार्यरत चार वटै क्रियाशिल ट्रेड यूनियनहरु कर्मचारी संघ नेपाल, नेपाल वित्तिय संस्था कर्मचारी संघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन, राष्ट्रिय कर्मचारी संगठन नेपालको संयुक्त आयोजनामा २०७३ सालको महान चाड विजयादशमी, शुभदिपावली, नेपाल सम्वत ११३७, छठ, ल्होसार, इद, उभौली, उधौली, चासोकतङनाम लगायत नेपालीहरुको सम्पूर्ण राष्ट्रिय चाडपर्वको उपलक्ष्यमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रम भव्य समारोहका बीच सम्पन्न भएको छ ।

बैंक संचालक समतिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । रावाबैंक कर्मचारी संघ नेपालका अध्यक्ष बेद बहादुर लावती, नेपाल वित्तिय संस्था कर्मचारी संघका अध्यक्ष जितेन्द्र सिंह थापा, नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष दिपेन्द्र कार्की, राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष राजेन्द्र कार्कीले बैंक व्यवस्थापनले बृद्धि भएको तलब हालसम्म पनि कार्यान्वयन नगरेको, आ.व. ०७१/७२ को बोनस वितरण हाल सम्म नगरेको तथा कर्मचारीको हक, हित र टेड्र यूनियनको अधिकारको



विषयमा जोडदार रुपमा आवाज उठाउनु भएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकमा भई रहेको कामहरुको विवेचना गर्दै यूनियनहरु संग सहकार्य गर्दै अगाडी बढ्न बैंक व्यवस्थापन तयार रहेको बताउनु भयो ।

कार्यक्रममा नेपाल वित्तिय संस्था कर्मचारी संघका महासचिव माधव दत्त पन्तले उपस्थित सबैलाई स्वागत गर्दै कर्मचारीहरुका समस्याहरुमा प्रबेश गर्नु भएको थियो भने कार्यक्रमको संचालन नेपाल राष्ट्रिय कर्मचारी संगठनका महासचिव अशोक शिवा र राष्ट्रिय कर्मचारी संगठन नेपालका उप-महासचिव उभार पाण्डेले गर्नु भएको थियो । कार्यक्रममा बैंक संचालक समितिका सदस्यहरु ज्ञानेन्द्र कोइराला, प्रा.डा.रामदेव सिंह, हरिप्रसाद मुनाकमी, का.मु.नायव प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धक सुशिल श्रेष्ठ, कविराज अधिकारी, केशव प्रसाद लम्साल, टेकराज जोशी, विभागिय प्रमुख तथा अधिकांश कर्मचारीहरुको उपस्थिती थियो । कर्मचारी संघ नेपालका महासचिव हेमराज सुवेदीले कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै उपस्थित सबैलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

# मनोभावको स्वर्ण अंक विमोचन

**२५ कार्तिक, काठमाण्डौं**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले प्रकाशन गरेको मनोभावको त्रयमासिक स्वर्ण अंक नेपाल सस्कृत विश्वविद्यालयका उपकुलपति डा.कुल प्रसाद कोइरालाले बैंकको केन्द्रीय कार्यालयमा एक समारोहका बीच विमोचन गर्नुभयो । नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि.का अध्यक्ष जीतेन्द्र सिंह थापाको सभातित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि उपकुलपति डा. कोइरालाले मनोभावको विमोचन गर्दै बैंकको एउटा ट्रेड यूनियनले साहित्यिक पत्रिका प्रकाशन गरी नेपाली साहित्यलाई ठूलो गुन लगाएको बताउँदै यसको निरन्तरताको लागि शुभकामना दिनुभयो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, साहित्यकार युवराज नयांघरे, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका बरिष्ठ उपाध्यक्ष राधेश्याम लेकालीले शुभकामना दिनुभएको थियो । प्रधान सम्पादक दिनेश बिक्रम थापाले मनोभावको



प्रारम्भ, यसको उद्धेश्य, निरन्तरता, आरोह-अवरोह बताउदै निरन्तर प्रकाशन हुने बताउनुभयो भने महासचिव माधव दत्त पन्तले कार्यक्रममा सबैलाई स्वागत गर्नुभयो । उक्त समारोहमा पूर्व सम्पादकहरु बुद्धिराज पाण्डे, सरला विष्ट, नारायण बहादुर अधिकारी, मुकुन्द अर्याल,नवराज पुडासैनी र हरिषचन्द्र गौतमलाई सम्मान गरिएको थियो ।

# राविंयाको लक्ष्ययात्रा विमोचन

**१२ पुस, धुलिखेल**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले आर्थिक लेख तथा परिक्षा उपयोगी सम्बन्धी गतिविधिहरु समावेश गरी आफ्नो वार्षिक मुखपत्रको रुपमा प्रकाशन गरेको लक्ष्ययात्रा २०७३ पुस्तकको पेसागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेलले एक समारोहका बीच धुलिखेलमा विमोचन गर्नुभयो । उक्त विमोचन समारोहमा अध्यक्ष प्याकुरेलले कर्मचारी संघद्वारा प्रकाशित लक्ष्ययात्रा नामक पुस्तक सिर्जनशील कार्यश्रृंखलाको एक बौद्धिक पुस्तक भएको र यस पुस्तकले बैंक, कर्मचारी, ग्राहक, प्रशिक्षार्थी र सर्वसाधारण जनतालाई बौद्धिक खुराक पस्की राष्ट्रको लागि योगदान पुर्‍याउन सकोस बताउनुभयो । उक्त




समारोहमा रा.वा बैंक कर्मचारी संघ नेपालका अध्यक्ष बेद बहादुर लावती, वरिष्ठ उपाध्यक्ष भरत भट्टराई, उपाध्यक्षद्वय कामेश्वर ओझा, तोया ढुङगेल, महासचिव हेमराज सुवेदी लगायत संघका पदाधिकारी तथा सदस्यहरुको उपस्थिती रहेको थियो ।

# नेपाल राष्ट्रिय कर्मचारी संगठनको वार्षिकोत्सव सम्पन्न




**२१ पुस, काठमाण्डौं**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको दशौं वार्षिकोत्सव कार्यक्रम बैंकको केन्द्रीय कार्यालय परिसरमा सम्पन्न भयो । संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि ने.क.पा.माओवादी केन्द्रका पोलिटब्युरो सदस्य हिमाल शर्माले गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि शर्माले बैंकको पूंजी बृद्धि गर्न सरकारले ठूलो लगानी गरेको र द्वन्दकालमा विस्थापित शाखाहरु पुर्नस्थापना गरि बैकिङ्ग

बाँकी पृष्ट ७ ▶▶

# विभिन्न क्षेत्रमा गोष्ठी सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना, तालिम तथा विकास विभागको व्यवस्थापन र क्षेत्रीय कार्यालयहरुको संयोजनमा विभिन्न क्षेत्रमा शाखा प्रवन्धक स्तरीय लक्ष्य प्रगति तथा समिक्षा गोष्ठी सम्पन्न भएको छ ।




**बिराटनगर क्षेत्र**

आ.व.२०७२।०७३ को प्रगति समिक्षा र आ.व.२०७३।०७४को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्ने सन्दर्भमा गत कार्तिक २७ र २८ गते बिराटनगर क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा प्रमुखहरु सम्मिलित प्रवन्धक स्तरीय गोष्ठी सम्पन्न भएको छ। सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, का.मु.नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धव खनाल, कर्जा विभागका प्रमुख नरेश अर्याल, इलेक्ट्रोनिक बैकिङ्ग विभागका प्रमुख कपिलमणी ज्ञवाली, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, सूचना प्रविधि विभागका प्रमुख देवेश प्रसाद लोहनी, क्षेत्रीय प्रवन्धक राजेन्द्र कुमार कट्टेल लगायत बिराटनगर क्षेत्रका ४१ वटा शाखा प्रवन्धकहरुको उपस्थिती रहेको थियो ।

**बीरगंज क्षेत्र**

आ.व.२०७२।०७३ को प्रगति समिक्षा र आ.व.२०७३।०७४को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्ने सन्दर्भमा गत असोज ७ र ८ गते बीरगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा प्रमुखहरु सम्मिलित प्रवन्धक स्तरीय गोष्ठी हेटौंडामा सम्पन्न भएको छ । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, का.मु.नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धक सुशिल श्रेष्ठ, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धव खनाल, कर्जा विभागका प्रमुख नरेश अर्याल, इलेक्ट्रोनिक बैकिङ्ग विभागका प्रमुख कपिलमणी ज्ञवाली, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, क्षेत्रीय प्रवन्धक मनोज बर्मा लगायत बीरगंज क्षेत्रका २१ वटा शाखाका प्रवन्धकहरुको उपस्थिती रहेको थियो ।

**काठमाण्डौं क्षेत्र**

आ.व.२०७२।०७३ को प्रगति समिक्षा र आ.व.२०७३।०७४को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्ने सन्दर्भमा गत कार्तिक ५ र ६ गते काठमाण्डौं क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा प्रमुखहरु सम्मिलित प्रवन्धक स्तरीय गोष्ठी नगरकोटमा सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, का.मु.महाप्रवन्धक केशव लम्साल, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धव खनाल, कर्जा विभागका प्रमुख नरेश अर्याल, इलेक्ट्रोनिक बैकिङ्ग विभागका प्रमुख कपिलमणी ज्ञवाली, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, सूचना प्रविधि विभागका प्रमुख देवेश प्रसाद लोहनी, कर्जा असूली तथा पुर्नसंरचना विभागका प्रमुख, भरत केसी, तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, सामान्य सेवा विभागका प्रमुख शंकर कुमार रायमाझी, क्षेत्रीय प्रवन्धक शशि आचार्य लगायत काठमाण्डौं क्षेत्रका ३८ तथा मूख्य शाखा कार्यालय १ गरी जम्मा ३९ शाखाका शाखा प्रवन्धकहरुको उपस्थिती रहेको थियो ।

**पोखरा क्षेत्र**

आ.व.२०७२।०७३ को प्रगति समिक्षा र आ.व.२०७३।०७४को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्ने सन्दर्भमा गत मंसीर ३ र ४ गते पोखरा क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा प्रमुखहरु सम्मिलित प्रवन्धक स्तरीय गोष्ठी पोखरामा सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, का.मु.नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धव खनाल, इलेक्ट्रोनिक बैकिङ्ग विभागका प्रमुख कपिलमणी ज्ञवाली, मानव संशाधन विभागका प्रमुख गणेश ढकाल,आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, सूचना प्रविधि विभागका प्रमुख देवेश लोहनी, तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, क्षेत्रीय प्रवन्धक राजकुमार खड्का, लगायत पोखरा क्षेत्रका ३५ वटा शाखाका प्रवन्धकहरुको उपस्थिती रहेको थियो ।

**नेपालगंज क्षेत्र**

आ.व.२०७२।०७३ को प्रगति समिक्षा र आ.व.२०७३।०७४को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तयार गर्ने सन्दर्भमा गत असोज ३० र कार्तिक १ गते नेपालगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा प्रमुखहरु सम्मिलित प्र( वन्धक स्तरीय गोष्ठी नेपालगंजमा सम्पन्न भएको छ । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ, का.मु.नायव महाप्रवन्धक टेकराज जोशी, ब्रान्च अपरेशन विभागका प्रमुख उद्धव खनाल, कर्जा विभागका प्रमुख नरेश अर्याल, सम्पत्ती व्यवस्थापन विभागका प्रमुख महेन्द्र अवस्थी, आन्तरिक लेखापरीक्षण विभागका प्रमुख महेशराज खरेल, क्षेत्रीय प्रवन्धक प्रेम बहादुर चन्द, लगायत नेपालगंज क्षेत्रका ३५ वटा शाखाका प्रवन्धकहरुको उपस्थिती रहेको थियो ।



## नेपाल राष्ट्रिय कर्मचारी...

सेवाको पंहुच बृद्धि गर्नुपर्ने धारणा राख्नुभएको थियो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकका समसामयिक बिषयमा आफ्नो धारणा राख्नु हुंदै ट्रेड यूनियन संग सहकार्य गरेर अगाडी बढ्ने विचार ब्यक्त गर्नुभयो । सो कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मोहनमान स्वाँर, रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष बेद बहादुर लावती, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका अध्यक्ष जीतेन्द्र सिंह थापा, राष्ट्रिय कर्मचारी संगठन नेपाल रा.वा.बैंकका अध्यक्ष राजेन्द्र कार्कीले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा बैंकका संचालकहरु ज्ञानेन्द्रराज कोइराला, डा. रामदेब सिंह, का.मु.नायव प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद वैद्य, नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केशव प्रसाद लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिती रहेको थियो । संगठनका महासचिव अशोक शिवाले संचालन गर्नुभएको सो कार्यक्रममा बैंक सेवाबाट निवृत्त भएका संगठनका केन्द्रीय पदाधिकारी तथा सदस्यहरुलाई दोसल्ला ओढाई मायाको चिनो प्रदान गरिएको थियो ।

**कृषि विशेष**





रा.वा.बैंक फर्पिङ्ग शाखा कार्यालयबाट कृषि कर्जा लिई पुष्प खेती बाट वर्षेनी एक करोड भन्दा बढिको आर्थिक कारोबार गरी १३ जना कामदारलाई रोजगारी दिदैं आईरहेका अजिमा नर्सरीका प्रोपाइटर कुमार कार्की ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाइको आफ्नै बैंक

वर्ष २४ अंक २ कार्तिक–पुस २०७३ Year 24 Vol 2 Nov. 016 - Jan. 2017

## बैंकको ५२ औं वार्षिकोत्सव समारोहको अवसरमा गठित विभिन्न कार्य सम्पादन उप समितिहरु यस प्रकार छ ।

१. प्रभातफेरी कार्यक्रम उपसमिति : २०७३ माघ ८ गते विहान प्रभातफेरी कार्यक्रम आयोजना गरिने छ ।

| | |
|---|---|
| संयोजक | नायव महाप्रवन्धक श्री केशव प्रसाद लम्साल |
| सदस्य | विभागीय प्रमुख श्री गोपाल प्रसाद पौडेल |
| सदस्य | विभागीय प्रमुख श्री गणेश कुमार ढकाल |
| सदस्य | विभागीय प्रमुख श्री सरस्वती अधिकारी |
| सदस्य | विभागीय प्रमुख श्री देवेश प्रसाद लोहनी |
| सदस्य | क्षेत्रीय प्रमुख श्री शशि आचार्य |
| सदस्य | विभागीय प्रमुख श्री निरुवावा जोशी |
| सदस्य | मु.शा.का. प्रवन्धक श्री वालकृष्ण घिमिरे |
| सदस्य | विभागीय प्रमुख श्री रिको स्थापित |
| सदस्य | अध्यक्ष श्री वेद वहादुर लावती कर्मचारी संघ नेपाल |
| सदस्य | अध्यक्ष श्री जितेन्द्रसिंह थापा, ने.वि.सं.क.संघ |
| सदस्य | अध्यक्ष श्री दिपेन्द्र कार्की, ने.रा.क.संघ |
| सदस्य | अध्यक्ष श्री राजेन्द्र कुमार कार्की, रा.क.सं.नेपाल |

२. रक्तदान तथा स्वास्थ्य परिक्षण उप समिति :२०७३ साल माघ ७ गते केन्द्रीय कार्यालय परिसरमा रक्तदान र स्वास्थ्य परिक्षण कार्यक्रम आयोजना गरिने छ ।

| | |
|---|---|
| संयोजक | नायव महाप्रवन्धक श्री कविराज अधिकारी |
| सदस्य | विभागीय प्रमुख श्री नरेशराज अर्याल |
| सदस्य | विभागीय प्रमुख श्री भरत के.सी. |
| सदस्य | विभागीय प्रमुख श्री विष्णु प्रसाद गैरे |
| सदस्य | विभागीय प्रमुख श्री वावुराम मरहट्टा |
| सदस्य | महाशाखा प्रमुख श्री मुकुन्द खड्का |

३. प्रकाशन, प्रचार तथा प्रसार उपसमिति :

| | |
|---|---|
| संयोजक | का.मु.नायव महाप्रवन्धक श्री टेकराज जोशी |
| सदस्य | विभागीय प्रमुख श्री मित्रलाल पंगेनी |
| सदस्य | विभागीय प्रमुख श्री दिवाकर वशिष्ठ |
| सदस्य | सञ्चार सल्लाहकार श्री शितल कोईराला |
| सदस्य | ब.स. श्री ईश्वर उप्रेती |

४. खेलकुद समिति : २०७३।१०।०६ गते देखि ९ गते सम्म व्याडमिन्टन, टेवुल टेनिस, म्युजिकल चेयर(महिला) जस्ता विभिन्न खेलकुद कार्यक्रम आयोजना गरिने छ ।

| | |
|---|---|
| संयोजक | विभागीय प्रमुख श्री देवेन्द्ररमण खनालको संयोजकत्वमा रहेको रा.वा.बैंक खेलकुद समितिका सबै सदस्यहरु |
| सदस्य | |
| सदस्य | |
| सदस्य | |

५. अतिथी सत्कार तथा मञ्च व्यवस्थापन उपसमिति :

| | |
|---|---|
| संयोजक | नायव महाप्रवन्धक श्री सुशिल श्रेष्ठ |
| सदस्य | विभागीय प्रमुख श्री उद्धव प्रसाद खनाल |
| सदस्य | विभागीय प्रमुख श्री महेन्द्र प्रसाद अवस्थी |
| सदस्य | विभागीय प्रमुख श्री कपिलमणि ज्ञवाली |
| सदस्य | विभागीय प्रमुख श्री महेशराज खरेल |
| सदस्य | विभागीय उप प्रमुख श्री रुपक चन्द्र अमात्य |
| सदस्य | कम्पनी सचिव श्री शम्भुनाथ योगी |
| सदस्य | विभागीय उपप्रमुख श्री शिव अधिकारी |
| सदस्य | प्रवन्धक श्री लक्ष्मी प्रसाद पराजुली |
| सदस्य | उप प्रवन्धक श्री ईश्वरी न्यौपाने |

## व्रान्च प्रोफाईल शाखा कार्यालय बानेश्वर १४२

(आ.व.२०७१।७२ को "क" वर्गका शाखाहरु मध्ये प्रथम)



| | |
|---|---|
| निक्षेप : | ५,३०,४४,८३,३५५।९२ |
| कर्जा : | १,५२,११,४८,९८९।२२ |
| ग्राहक संख्या : | |
| कर्जा : | १,१७३ |
| निक्षेप : | ४६,३४८ |
| कर्मचारी संख्या : | ३२ |
| प्रति कर्मचारी कर्जा : | रु.४,७५,३५,९०५।९१ |
| प्रति कर्मचारी निक्षेप : | रु.१६,५७,६५,१०४।८७ |
| मुनाफा : | रु.९५,९७,३८१।६० |
| NPA % : | १.४० |
| गत आ.ब. को मुनाफा : | रु. ५,९८,४७,२९१।३८ |

### सफलताको रहस्य :

कुशल नेतृत्व, कर्मचारीहरुको लगनशिलता, के.का. तथा क्षे.का. को सहयोग तथा समन्वय, कर्जा ग्राहक तथा बचत ग्राहकहरुको सहयोग तथा विश्वास, उपलब्ध श्रोत तथा साधनहरुको उचित परिचालन आदी ।

## समवेदना

यस बैंकको शा.का.इनरुवामा कार्यरत सहायक एकीन बहादुर मगर (११२९३)का आमा मनमांया मगर, शा.का.बर्दघाटमा कार्यरत ब.स.शिवचरण चौधरी(७३३७)का पिता फागु थारु, शा.का. सूर्यविनायकमा कार्यरत ब.स.मधुराम ढुङ्गाना(९८२५)का पिता बिष्णु प्रसाद ढुङ्गाना, शा.का.जनकपुरमा कार्यरत ब.स.चन्द्रेश्वर साह(८९२२)का छोरा रिचि शाह, शा.का.भरतपुरमा कार्यरत ब.स. केदार प्रसाद कट्टेल(१०३००)का आमा युद्ध कुमारी कट्टेल, शा.का.ठिमीमा कार्यरत ब.स.दीपक कुमार पोखरेल(८८५७)का पिता उद्धव प्रसाद पोखरेल, शा.का. भोटाहिटीमा कार्यरत स.प्रवन्धक बलराम महर्जन(८३६३)का पिता शरज महर्जन, शा.का. गौरमा कार्यरत नन्द किशोर प्रसाद हलुवाई(५५२४)का छोरा सुरज कृष्ण, शा.का. चौरजहारीमा कार्यरत शाखा प्रवन्धक तुलाराम गोसाई(९०९९)का पिता रंग बहादुर गोसाई, शा.का. तौलिहवामा कार्यरत ब.स. उमेश कुमार श्रीवास्तव(९४१२) का पिता केशरी प्रसाद श्रीवास्तव, शा.का. धनगढीमा कार्यरत सुरक्षा गार्ड विर बहादुर चन्द(११२६६)का पिता रगि चन्द, शा.का. दार्चुलामा कार्यरत शाखा प्रवन्धक कौशल बहादुर बि.क.(७७३४)का आमा लाली चदरा बि.क., शा.का.बझाङ्गमा कार्यरत नगद सहायक भूमिराज जोशी(१०९६५)का पिता केशवराज जोशी, शा.का.जुम्लामा कार्यरत सहायक बविता शाही(११३५०)की पति डबल बहादुर शाही, शा.का. कावासोतीमा कार्यरत ब.स.कृष्ण रेग्मी(५४६८)का आमा साबित्रीदेवी रेग्मी, शा.का.धनगढीमा कार्यरत ब.स. देबनारायण रिजाल(६५८१)का आमा ओमादेबी रिजाल, शा.का. कार्यलय महेन्द्रपुलमा कार्यरत स.प्रवन्धक विश्वराज भण्डारी(९४१५)का आमा लिलादेबी भण्डारीको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Public Relation & Information Branch, Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423
Chief Advisor: CEO Kiran Kumar Shrestha, Advisor: Information Officer: DGM Sushil Shrestha
E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chhapakhana, Bhaktapur, Tel: 9841068987, 9851039361